# १३ चर्च र सुसमाचार

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* गलाती ६:१-१०, मत्ती १८:१५-१७, १ कोरन्थी १०:१२, रोमी १५:१, यूहन्ना १३:३४, लूका २२:३।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "त्यसकारण यदि हामी सबैको भलाई गर्न सक्छौं भने, गरौं न त। विश्वासीहरूको परिवारको हितमा ध्यान पुऱ्याउन विशेष कोशिष गरौं।" (गलाती ६:१०)।

एक फेरा आलुको खेती गर्ने किसानीहरूले ठूला ठूला आलुहरूलाई आफ्ना निम्ति बाँकी राखेर साना साना आलुहरूलाईचाहिँ रोप्न निर्णय गरे। तर जब आलु पाकेपछि त्यसलाई खन्न सुरु गरे तब आलुहरू त गुच्चा जस्तो ससाना पो भए। यो देखेर धर्तीदेखि तिनीहरू निराश भए। यस तितो पाठबाट ती किसानीहरूले जीवनको नियमको अमूल्य पाठ सिके।

"सबभन्दा असल कुरोलाई आफूसँग राखेर बाँकिभएका सबभन्दा साना कुरालाई बिऊलाई छुट्याउनुहुन्न भन्ने पाठ तिनीहरूले सिके। तिनीहरूले जे रोपे त्यहि फल्छ भन्ने कुरा आफ्ना अनुभवबाट सिक्नु परेको थियो।

"हो, साना साना आलुहरूलाई रोप्ने प्रक्रिया अझ प्रचलित छ। जीवनको ठूला ठूला कुराहरूलाई आफ्नै साथमा राख्दछौं र बाँकिभएका ससाना कुराहरूलाई रोप्दछौं। अनि भाग्यको हातमा छोडेर हाम्रो स्वार्थतालाई निस्वार्थताको खेती गर्न सकौं भनेर अपेक्षा गर्दछौं।"-इन्टरनाशनल स्टुडेन्ट फेलोशीप न्युजलेटर, मार्च २००७बाट रूपान्तरित।

गलाती ६:१-१०मा पावलले त्यस महत्त्वपूर्ण शुत्रलाई प्रयोग गरेको पाउँछौं। एक आपसमा टोका टोक गरेर, चरित्र हत्या गर्दै एक आपसमा लुचाचुड गर्नुको सट्टा (गलाती ५:१५ रूपान्तरित) चर्च त्यस्तो थलो हुनुपर्दछ जहाँ परमेश्वरको आत्माको बलले एक आपसलाई उचाल्न सक्दछ। यदि परमेश्वरको अनुग्रहले मात्र हामी मुक्ति पाउँछौं

भन्ने आत्मज्ञानलाई आत्मसात् गर्नसक्यौं भने त्यसले हामीलाई नम्र तुल्याउन सक्दछ र धिरजी र करुणामय भएर एक अर्काप्रति सदाशयता देखाउन सक्दछ।

## १. परमेश्वरबाट तर्केर गएकाहरूलाई फेरि उहाँकै झुण्डमा ल्याउनु (गलाती ६:१)

इसाई जीवन एक उत्कृष्टको जीवन होस् भन्ने चाहना पावलले गरेका थिए (गलाती ५:१६)। तर गलाती ६:१मा गरिएको पावलको खबरदारी पनि मनगढन्ते नभएर यथार्थ नै थियो। मानव जात सिद्ध छैन। जतिसुकै मै हुँ भन्ने इसाईहरू पनि भूल गर्नबाट नचुकी बस्न सक्दैन। ग्रीक भाषममा लेखिएको पत्रमा पावलले यस्तो अपेक्षा गरेको पाइन्छ कि चर्चमा कहिलेकाहिँ यस्तै तँछाडमछाडको स्थिति खडा हुनसक्दछ। गलाती ५:१६ले यसलाई पुष्ट्याइँ गर्दछ। यस्तो खालको परिस्थितिलाई कसरी सम्हाल्ने भनेर पावलले गलातीहरूलाई सल्लाह दिन्छन्।

कोहि येशूभक्त मीत्र पापको खाल्डोमा खस्यो भने त्यस व्यक्तिप्रति अरू येशूभक्तले कस्तो दृष्टिमा हेर्नुपर्दछ र सहयोग गर्नुपर्दछ? हेर्नुहोस्, गलाती ६:१ र मत्ती १८:१५-१७।

पावलले दिएको गलाती ६:१को सल्लाहलाई राम्ररी बुझ्न, उनले कुन् परिस्थितिलाई ध्यानमा राखेर गरेको हो सो बुझ्नु आवश्यक छ। त्यस पदको प्रथम् अंशमा दुई शव्दहरू प्रयोग भएको हुन्छ त्यसलाई धेरै महत्त्वपूर्ण मान्नु पर्दछ। पहिलो शव्दचाहिँ “यदि कोहि पक्राउ पऱ्यो वा समातियो भने" हो। यसको अर्थ “कोहि अचानक तरिकाले समातिनु वा पत्ता लगाउनु" हो। पावलको मनमा दुई कुरा थियो भनेर त्यस शव्दले देखाउँदछः कोहि विश्वासीले अर्को विश्वासीलाई गलत काम गरेको समात्छ र साथै कसैले नचाहान्दा नचाहन्दैपनि उसलाई कुनै नराम्रो कुराको धरापमा (हितोपदेश ५:२२) परियो भने र उसलाई अरूले समातियो भने।

गलत नियतले गर्दा फस्ने विश्वासीको बारेमा यहाँ पावलले छलफल गरिरहेका छैनन्। ग्रीक भाषाको paraptoma पाराप्टोमा भन्ने शव्दलाई अपराध वा पापमा अनुवाद गरिन्छ, जुन कि जानाजानी गरेको

होइन। खराब नियतलाई मनमा खेलाएर नराम्रो स्थितिमा आफूलाई पार्नेको बारेमा पावलको सोच होइन। तर नजानीकन गरेको भूल, वा ठेस खान पुगेको वा गलत कदम लिन पुग्ने व्यक्तिको बारेमा पावलले चासो देखाइरहेको पाइन्छ। पवित्र आत्मामा हिँडिरहनु भन्ने टिप्पणी गरेको सन्दर्भमा पावलको उपरोक्त भनाइलाई अर्थपूर्ण मान्नु पर्दछ। हो, गलत ढँगमा हिँड्न पो पुग्यो भन्दैमा दोषमुक्ति नै हुनुपर्छ भन्ने छैन। तर अटेरी गरेर पापमा फसेको (१ कोरन्थी ५:१-५) मानिसको बारेमा पावलको भनाई होइन भन्ने कुरा स्पष्ट छ।

त्यसकारण अपर्झत वा अजानमा कोहि विश्वासी गलत बाटोमा जान्छ भने त्यसलाई सजायँ दिएर, दोष दिएर वा चर्चबाट बर्खास्त गरेर त्यसलाई कार्यवाहि गर्ने होइन, बरू त्यसलाई सम्झाएर बुझाएर परमेश्वरतिर फर्काउनुपर्दछ। यो "फर्काउने" भन्ने शव्द ग्रीक मा katartizo केटार्जिटो हो जसको अर्थ "पुनःस्थापित" गर्नु हो। सबै ठिक ठाक पार्ने वा भत्किएकोलाई सम्हालेर बनाउने भन्ने अर्थ पनि लाग्दछ। नयाँ करारमा कुनै माछा पकड्ने जाली चुँड्यो भने त्यसलाई सिउने भन्नेलाई यो शव्द प्रयोग गरिन्छ (मत्ती ४:२१)। कसैको हाड भाँचियो भने पनि त्यसलाई मिलाउने कुरालाई व्याख्या गर्न त्यस शव्द प्रयोग गरिन्छ। कोहि विश्वासी लडेर उसको हात खुट्टा भाँच्यो भने उसलाई त्यसै छोडेर हामी जान्दैनौं। यदि कोहि भाइ वा बहिनीले भुल गर्छन् वा पापमा फस्छ भने हामी सबै ख्रीष्टको शरीरको अङ्ग भएको नाताले स्नेहपूर्वक उसलाई सम्हाल्नु पर्दछ, किनभने हामी सबै परमेश्वरको राज्यमा प्रवेश गर्न यात्रा गरिरहेकाछौं।

मत्ती १८:१५-१७मा उल्लेख गरेको येशूले भन्नुभएको कुरालाई नमानी कसैले रिस उठायो भने त्यसको बारेमा नराम्रो कुरा गर्ने बानी वा त्यसप्रति रीसइबी राखेर प्रतिशोधको भावनाले उत्प्रेरित हुने बानी हामीमा भइरहेको हुन्छ?

## २. लालसा तथा प्रलोभनप्रति चनाखो हुनु (२ सामुयल १२:७)

"अनि अगमवक्ता नेथनले दाउदलाई भन्यो, तिमी नै त्यो व्यक्ति हौ !" (२ सामुयल १२:७ रूपान्तरित)।

पावलले गलाती ६:१ पदको दोश्रो अंशमा व्यक्त गरेको, “आफ्नै पनि बिचार राख, नत्रता तिमीहरू पनि परिक्षामा पर्नेछौ।" भन्ने वाक्य अत्यन्त गम्भिर रूपमा लिनुपर्दछ। जीवनमा धेरै परिक्षा वा लोभलालसाहरू आइपर्छन्, त्यसबाट हामी बचिरहनु अत्यन्त आवश्यक छ। पावलको सल्लाहलाई वेवास्ता गर्नुहुन्न। जुन शैलीमा पावलले व्यक्त गरे त्यो कत्तिको गम्भिर छ भनेर त्यसले देखाउँछ। “बिचार राख" वा “आफूलाई सम्हाल" भन्ने शव्दको अक्षरस अर्थचाहिँ “होशियारपूर्वक हेर" वा “चनाखो भएर ध्यान देऊ" (रोमी १६:१७, फिलिप्पी २:४सँग तुलना गर्नुहोस्) हो। पापले अपर्झत काबुमा पार्ने भएकोले “आफ्नो सुरक्षामा अत्यन्त चनाखो रहनु" भनेर पावलले स्पष्ट पार्न खोजेका छन्। गलाती ६:१मा गलातीहरूलाई सम्वोधन गर्दा “तिमीहरू" भनेर बहुवचन प्रयोग गरिएको थियो। अनि दोश्रो अंशमा “आफ्नै" र “तिमी" (नेपाली अनुवादमा तिमीहरू, नत्र तिमी) भनी एक बचन प्रयोग गर्दा पावलको चेतावनी व्यक्तिगतरूपमा कत्तिको गम्भिर हुनुपर्छ भनेर देखाउँदछ। यो सार्वजनिक रूपमा चर्चको पूरा समूहलाई मात्र सम्वोधन गरिएको होइन। तर चर्चमा रहेका प्रत्येक विश्वासीको निम्ति पावलको व्यक्तिगत चेतावनी हो।

तर के परिक्षा वा प्रलोभन ती गलातीका विश्वासीहरूले सामना गरेका थिए भनेर पावलले स्पष्टसँग भन्दैनन्। हुनसक्छ कुनै विशेष पापलाई उनले सम्वोधन गर्न लागेका होलान्। तर जेभएतापनि त्यहि पापमा फस्नु कस्तो खतरा हुन्छ भनेर पावलले छलफल गरिरहेको पाइन्छ। फेरि गलाती ५:२६मा “अहङ्कारी नहोउ" भन्ने आह्वानले गर्दा गलातीका विश्वासीहरूलाई आत्मिक रूपमा अरूभन्दा आफू कतिको उत्तम भनेर अभिमानी देखाएको आभास हामी पाउँछौं।

आत्मिक अहङ्कारारिता वा धर्ममा अरूभन्दा आफू कति ठूलो वा पवित्र, चोखो छु भन्ने भावनाको बिरोधमा पावलले किन चेतावनी दिन्छन्? जवाफको लागि देहायका पदहरू पढ्नुहोस्: १ कोरन्थी १०:१२, मत्ती २६:३४ र २ सामुयल १२:१-७।

इसाई भयौं भन्दैमा, हामी सबै पापबाट सुरक्षित हुन्छौं भन्ने सोच हामी येशूभक्तको हिंडाइको निम्ति अरू खतरापूर्ण धारणाहरूमा यो अत्यन्त खतरा धारणा हो। दुःखलाग्दो तथ्यचाहिँ यहि हो कि हामी सबै

पापस्वभावका मानिस हौं। यो स्वभाव परमेश्वरको स्वभावको बिपरित छ। त्यसकारण परमेश्वरको आत्माको बलबिना हामी सजिलैसँग पापमा फस्न सक्दछौं। (यदि येशूको दायरामा हामी छैनौं भने, स्वामीको पगरी लगाएर हुन्छ कि, पण्डितको खोल ओडेर हुन्छ कि, बाइबलका प्रखर वक्ता वा विद्वान भनेर अभिमानी भएर हुन्छ कि वा कति धर्मात्मा छौं भनेर अरूलाई तुच्छ ठानेर चलेर हुन्छ कि, ती सबैले हामीलाई आत्मिक अहङ्कारको अलङ्कारले विभुषित हुन उक्साउन सक्दछ)। तर येशूको सदाशयताको ज्ञानलाई हामीले आत्मसात् गर्न सक्यौं भने अरूले गर्ने गल्तीलाई अत्यन्त सहानुभूतिपूर्वक हेर्न हामीलाई सक्षम् बनाउँदछ।

तपाईं आफैले गरेको पापलाई बिर्सेर अरूले गरेको पाप वा दोषलाई कोट्याउन वा आलोचना गर्न तपाईं कत्तिको आत्तुरी हुनुभएको पाउनुभएको छ?

## ३. एक आपसको बोझ बोक्नु (गलाती ६:२-५)

पापमा फसेको वा गल्ती गरेर परमेश्वरबाट तर्किएर गएका विश्वासीहरूलाई परमेश्वरतर्फ फर्काउन गलातीका विश्वासीहरूलाई अरू के निर्देशनहरू गलाती ६:२-५मा पावलले दिन्छन्? (रोमी १५:१ र मत्ती ७:१२ पनि पढ्नुहोस्)।

पावलले गलाती ६:५मा भन्दछन्: "हरेकले आफ्नो भार आफै उठाउनुपर्छ।" यो ग्रीक भाषामा baros बारोस् शव्दलाई भार भनेर अनुवाद गरिएको छ। यो त्यस्तो भारी हो जुन ठूलो ओजन भएको भारी हो जुन मानिसले लामो बाटोमा बोक्दछ। तर समय बित्दै जाँदा यो शव्दलाई शाङ्केतिक भाषामा प्रयोग गर्न थालियो। दुःख, कष्टसाथ गर्मीमा दिनभरी पसिना चुहाएर गर्ने कामलाई पनि यहि भार भन्ने शव्द प्रयोग गरिएको छ (मत्ती २०:१२)। "एक आपसको भार उठाऊ" भनेर पावलले गलाती ६:२मा भनेको पनि कमजोर मानिसको भार उठाउन सहयोग गर भनेर सल्लाह दिएका छन्। हरेकले आफ्नो भार त उठाउनुपर्दछ तर कतिपय विश्वासीहरू कमजोर छन् त्यसप्रति पनि हामी संवेदनशील हुनुपर्दछ। तर भार उठाउनु भनेर पावलले औंल्याएको नितिमा केवल एक आपसमा सहयोग गर्ने मात्र नभएर फराकिलो अर्थ

पनि छ। इसाई जीवनमा धेरै आत्मिक शिक्षादिक्षाहरू छन् जसलाई पन्छाउनुहुँदैन भनेर पावलको निर्देशनले देखाउँदछ।

प्रथमतः तिमोथी जर्जले लेख्दछन्, "सबै इसाईहरूले भारी बोक्नुपर्छ। हाम्रो जीवनप्रति परमेश्वरको योजनाअनुसार हाम्रा भारहरू ठूला साना वा विभिन्न आकारका हुनसक्छन्। कसैको परिक्षा वा लालसामा पर्ने भार होला त कसैकोचाहिँ अपराधमा पर्दा बोक्नु पर्ने भार जसरी गलाती ६:१मा देखाइएको छ। कसैको निम्ति शारीरिक बिमार हुन्छ भने कसैको निम्ति मानसिक चिन्ता, कसैको निम्ति परिवारको समस्या भने कसैको निम्ति काम नपाएर हो भार, अथवा अरूको निम्ति अरू कुनै भार नै होला। तर कोहि पनि इसाई भारी बिना रहन्दैन।" द न्यु अमेरिकन कमेन्टरीः गलेशियनस् (नाशभिल, टेनस्सीः ब्रडमान एण्ड होलमान पब्लिशरस्, १९९४), ठेली ३, पृ. ४१३बाट रूपान्तरित।

दोश्रोमा हाम्रो सबै भारी हामीले मात्र बोक्नुपर्छ भन्ने परमेश्वरको योजना होइन। दुर्भाग्यवस कतिपटक हामी अरूको भार बोक्न राजी हुन्छौं तर हाम्रो भार अरूलाई बोकाउन चाहन्दैनौं। यस्तो खालको मनस्थितिलाई आफूले आफूलाई नै धोका दिने खालको हो भनेर पावलले आलोचना गर्दछ (गलाती ६:३)। यो देखावती मानविय अभिमान हो। हाम्रा कमजोरी र आवश्यतालाई इन्कार गर्ने यस्तो मनस्थितिलाई पनि घमण्डी अर्थात् अभिमानी भनेर कहलाइन्छ। यस्तो खालको अभिमानले अरूले हामीलाई सान्त्वना दिन लगाउँदैन र परमेश्वरले आह्वान गरेको अरूको सेवाकार्यको कामलाई हतोत्साह गराउँदछ। अन्तमा एक आपसको बोझ उठाउन हामीलाई परमेश्वरले आह्वान गर्नुभएको छ किनभने हाम्रो यही क्रियाकलापबाट नै हामीले परमेश्वरको सान्त्वना वा ढाडसलाई प्रकट गर्न सक्दछौं। चर्च भनेको येशूको शरीर हो भन्ने आधारित यस तथ्यको निर्माण भएकोछ। उदाहरणमा पावल भन्दछन्, "जो दुःखमा परेका छन् तिनीहरूलाई सान्त्वना देऊ। जसरी तितस मकहाँ आए तब परमेश्वरले मलाई सान्त्वना वा ढाडस दिनुभयो।" (२ कोरन्थी ७:६ रूपान्तरित)। याद गर्नुहोस्, कुनै गुफामा बसेर वा व्यक्तिगत ध्यान गरेर वा प्रार्थना गरेर पावललाई परमेश्वरबाट सान्त्वना मिलेको थिएन। बरू मित्रको साथ पाएर र मित्रले ल्याएको असल खबरले पावललाई उत्साहित बनाएको

थियो। "मानविय दौतरी वा मित्रताले एक आपसको भार उठाउन सहयोग गर्दछ। परमेश्वरका जनहरूको निम्ति उहाँका धेरै लक्ष्यहरूमा यो पनि एक हो।"- आर. डब्लु. स्लट, द मेसेज अभ गलेशियनस्, पृ. १५८बाट रूपान्तरित।

के तपाईं एकल बृहस्पती हुनुहुन्छ? अरूलाई सहयोग गर्न तपाईंलाई के ले रोकीरहेको छ? के अहँकारी वा अभिमानी भएर वा लाज लाग्छ भनेर हो वा कसैलाई विश्वास नगर्ने मनस्थिति बोकेको कारणले हो कि वा कसैसँग भर नपर्ने स्वतन्त्र छु भनेर कुर्लने बानीले गरेर हो? यदि चाहेको खण्डमा तपाईंले विश्वास गर्नुभएको व्यक्तिसँग किन आफ्नो बोझ नबाँडने?

## ४. "येशूको व्यवस्था वा निति" (गलाती ६:२-५)

एक आपसको भार उठाउँदा येशूको व्यवस्था अर्थात् निति पूरा गरेको हुन्छ भनेर पावलको भनाइले व्यक्त गर्दछ। ख्रीष्टको व्यवस्था वा निति भनेको के हो? देहायका पदहरू पढ्नुहोस्ः गलाती ५:१४, गलाती ६:२, यूहन्ना १३:३४ र मत्ती २२:३४-४०।

पावलको "येशूको व्यवस्था वा निति" (ton nomon tou Christou टन नमन टौ क्रिष्टौ) भन्ने वाक्याँस बाइबलको अरू कुनै भागमा पनि पाइन्दैन। तर १ कोरन्थी ९:२१मा झण्डै त्यहि वाक्य (ennomos Christou इनोमोस क्रिष्टौ) उनले प्रयोग गरेको पाइन्छ। यस विशेष वाक्याँसलाई धेरै तरिकाले वाख्या गरेको पाइन्छ। कसैले गलत तरिकाले वाख्या गरेर यो भन्छन्, "हेर, सीनैको पहाडमा परमेश्वरले दिनुभएको व्यवस्थालाई अब येशूको अर्कै व्यवस्थाले स्थान पाएको छ।" कसैले व्यवस्था भन्ने शव्दको अर्थ साधारणतया महत्त्वपूर्ण नियम वा शुत्र हुन् (रोमी ७:२१ पढ्नुहोस्)। एक आपसको बोझ बोकेर हामीले येशूको उदाहरणलाई पछ्याएका हौं भन्ने यसको अर्थ हो। तर अझ नयाँ खालको वाख्याचाहिँ केहि मान्य खालको छ। गलाती ५:१४मा लेखिएको झण्डै त्यहि शव्द र तर्कसँग तुलना गर्दा येशूको व्यवस्था पूरा गर्नु भनेको प्रेमद्वारा मोसाको व्यवस्थाको समर्थन गर्नु हो भनेर देखाउँदछ। ख्रीष्ट आउनुहुँदा दश आज्ञा वा नैतिक व्यवस्थालाई हटाइएको छैन भनेर पावलले आफ्नो पत्रमा अघि भनेका थिए। बरू

इसाई जीवनमा प्रेमको सहायताले दश आज्ञा वा नैतिक व्यवस्थाले निरन्तररूपमा उल्लेखनिय भूमिका खेलिरहेको हुन्छ। ठिक त्यहि शिक्षा आफ्नो सांसारिक सेवा कालमा येशूले मानिसहरूलाई सिकाउनुभएको थियो। आफ्नो जीवनकाल भरी र मृत्युमा पनि येशूले यहि शिक्षा अपनाउनुभएको थियो। त्यसैकारण अरूको भार उठाउँदा हामीले येशूको कदमलाई पछ्याएका हुन्छौं। यस सन्दर्भमा हामीले व्यवस्थालाई पूरा गरेका हुन्छौं।

ती पदहरूमा अर्को विषय समस्या भएर खडा भएको पाइन्छ। गलाती ६:२ र गलाती ६:५मा धेरै अन्तर भएको पाइन्छ। तर पावलले दुई किसिमका शव्दहरू दुई किसिमका परिस्थितिलाई वाख्या गर्न खोजेका हुन् भनेर थाहा पाइयो भने त्यो समस्या स्वतः समाधान हुन्छ। पद २मा उल्लेख गरिएको भारलाई ग्रीक शव्दमा baros बारोस् हो भनेर हामीले भन्यौं। यसको अर्थ गऱ्हो (भारी) हो जुन लामो बाटोमा बोकेर लैजान्छन्। तर पद ५मा उल्लेख गरिएको phortion फोर्टनचाहिँ जहाजले बोक्ने भारी, वा सैनिकले पछाडी बोक्ने झोला वा आमाले पेटमा बोक्ने वच्चा हो। पद २को भारीचाहिँ थन्क्याउन सकिन्छ तर पद ५कोचाहिँ सकिन्दैन। उदाहरणमा पेट बोकेकी आमाले आफ्नै बालकलाई आफ्नै पेटमा बोक्नुपर्दछ। फेरि यस उदाहरणले हामीलाई यो देखाउँदछ कि कुनै यस्ता भारी छन् जुन बोक्न अरू मानिसले सघाउन सक्दछ। तर त्यस्ता भारी पनि छन् जुन अरू मानिसले हाम्रो निम्ति बोक्न सक्दैनः उदाहरणमा, पापको भारी वा हाम्रो विवेकमा रहेको दोषको भारी, दुःख, कष्ट र मृत्यु। ती बोझहरूलाई हलका बनाउनको निम्ति हामी केवल परमेश्वरमा मात्र भर पर्नुपर्दछ (मत्ती ११:२८-३०)।

कुनै भारी बोक्न तपाईंले अरू मानिसहरूको सहायता लिन सक्नुहुन्छ। कुनै त परमेश्वरकहाँ तपाईं आफैले लैजानु पर्दछ। आफैले बोक्न नसक्नुभएको बोझ परमेश्वरलाई दिन तपाईंले कसरी सिक्न सक्नुहुन्छ?

## ५. रोप्ने र कटनी गर्ने (गलाती ६:६-१०)

गलाती ६:७मा "परमेश्वरको ठट्टा नगर" (mukterizo मुक्टेरिजो) भन्ने वाक्य नयाँ करारमा केवल यहाँ मात्र भनिएको छ। तर ग्रीक भाषामा अनुवाद गरिएको पुरानो करारमा यो बारम्वार देखा परेको पाइन्छ । यसको अर्थ यो पनि हो कि कसैप्रति वाक्क भएर नाक खुम्च्याउनु। पुरानो करारमा परमेश्वरका अगमवक्ताहरूलाई कसैले घृणा गर्छ भने यो शव्द प्रयोग गरेको पाइन्छ (२ इतिहास ३६:१६, यर्मिया २०:७)। एक फेरा त परमेश्वरको विरूद्धमा बिद्रोह गर्ने मनस्थिति हुनेको स्पष्ट वाख्या गर्न यो शव्द प्रयोग गरिएको थियो (इजकियल ८:१७)।

मानिसहरूले परमेश्वरलाई बिर्से अथवा उहाँका आज्ञाहरूलाई नमान्न थाले भनेर वर्णन गर्न पावलले यो वाक्य प्रयोग गरिएका हुन्। मानिसहरूले परमेश्वरलाई जिस्क्याउन सक्दैनन्। उहाँ प्रधान न्यायधिस हुनुहुन्छ। अन्तको समयमा मानिसहरूले आफ्ना क्रियाकलापको लेखाजोखा दिनुपर्दछ र परमेश्वरको उपहास गर्नेले त्यसको मूल्य चुकाउनुपर्ने छ।

गलाती ६:८मा, "जसले आफ्नो पाप स्वभावलाई फस्टाउन रोप्दछ, त्यसले पापी स्वभावबाट नै सर्वनाशको कटनी गर्नेछ। तर जसले आत्माको निम्ति रोप्दछ, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ।" पावलले भनेको अर्थ के हो? के बाइबलमा यस्ता पात्रहरूको उदाहरणहरू छन् जसले आफ्नो शारीरिक अभिलाषालाई परिपूर्ती गर्न रोपे र आत्माको परिपूर्ति गर्न रोपे? (उदाहरणमा प्रेरित ५:१-५, लूका २२:३, दानियल १:८, मत्ती ४:१ पढ्नुहोस्)।

पावलले प्रयोग गरेको शाङ्केतिक शव्द रोप्ने र कटनी गर्ने शव्दहरूलाई असमान्य मान्न सकिन्न। बाइबलको समयमा जीवनलाई रोप्ने र कटनी गर्ने भनेर उल्लेख गरि धेरै महावाणी अर्थात् निति वचनहरू देखापरेकाछन्। तर अघिल्लो बुँदामा पावलले शरीर र आत्माको टिप्पणीलाई औंल्याउँदै रोप्ने र कटनी गर्ने वाक्यलाई कसरी प्रयोग गरेका छन् त्यसलाई महत्त्वपूर्ण मान्नुपर्दछ। जेमस् डी. जी. डनले लेख्दछ, "(पावलको भनाइलाई बुझ्न) आधुनिक उदारहण यो हो, के रोज्ने त्यो चुन्न स्वतन्त्र छौं तर हामीले रोजेको कुराको नतिजालाई

चुन्न हामी स्वतन्त्र छैनौं।"-ब्लाक्स न्यु टेस्टामेन्ट कमेन्टरीः द इपिस्टल टु द गलेशियनस् (लण्डनः हेन्ड्रिसकसन पव्लिशरस्, २००२), पृ. ३३०बाट रूपान्तरित।

यस संसारमा पापको परिणामबाट भोग्नुपर्ने दुःखबाट परमेश्वरले सधैं मुक्त गर्नुहुन्न। तर हाम्रो गलत निर्णयले गर्दा नराम्रो परिणाम भोग्नुपर्दा हामी निराशको खाल्डोमा छौं वा हाम्रो अनन्त जीवन गुमियो भनेर पुरपुरोमा हात राखेर बस्नु आवश्यक छैन। परमेश्वरले हाम्रा पापहरूलाई क्षमा दिनुभयो र उहाँले हामीलाई उहाँका छोराछोरी बनाउनुभयो भन्ने खबरले हामी आनन्दित हुनुपर्दछ। बिगतमा जे भएतापनि स्वर्गमा कटनी गर्न अब बाँकि समयलाई अवसर मानेर त्यसलाई लगानी गर्नुपर्दछ।

गलाती ६:१०मा पावल भन्दछन्, “यसकारण मौका पाए अनुसार हामी सबै मानिसको भलाइ गर्दै जाऔं, विशेष गरेर तिनीहरूको, जो हाम्रो बिश्वासको परिवारका हुन्।" इसाई शुत्रले दुई किसिमले काम गर्दछ भनेर त्यस वाक्यले भन्दछ। एक त फराकिलो छ र सबै मानिसलाई समेट्छ, “सबै मानिसको भलाइ गर्दै जाऔं।" अर्कोचाहिं सिमित छ, “ विशेष गरेर तिनीहरूको, जो हाम्रो बिश्वासको परिवारका हुन्।" सारा मानिस परमेश्वरको रूपमा सृष्टि गरिएको हो भन्ने धारणालाई मध्य नजर राखेर सबैको हित खोज्नुपर्दछ भन्ने पावलको आह्वान छ। यसको अर्थ परमेश्वरको निम्ति सबै मानिस विशेष र उहाँको निम्ति महत्त्वपूर्ण छन्। जब जब इसाईहरूले यो उल्लेखनिय सत्यलाई बिर्सेको हुन्छन् तब तब तिनीहरू पनि त्यहि भयङ्कर पापको शिकार हुन पुगेको हुन्छ जसले गर्दा आजसम्म पनि आदम र हवाले गर्दा सारा मानव जातिको मानव समुदाय कलङ्कित भएको छ।"-टिमोथी जर्ज, द न्यु अमेरिकन कमेन्टरीः गलेशियनस (नाशाभील, टेनस्सीः ब्रोडमान एण्ड होलमान पव्लिशरस्, १९९४), ठेली ३ पृ. ४२७, ४२८बाट रूपान्तरित।

प्रत्येक दिन तपाईंले केहि न केहि रोपीरहनुभएको छ, चाहे असल होस् चाहे खराब होस्। तपाईंले कस्तो खालको कटनी गर्नुहुनेछ?

**उपसंहारः**

थप जानकारीः "परमेश्वरको आत्माले नै दुष्टलाई विवेकको नियन्त्रमा राख्नुहुन्छ। जब मानिसले परमेश्वरको आत्माको प्रभावलाई पन्छाएर चल्छ तब त्यसले पापको कटनी गर्दछ। जब त्यस मानिस परमेश्वरको आज्ञाको बिऊलाई बिस्तारै बिस्तारै पन्छाउँदै जान्छ तव उहाँको आत्माले उसलाई नियन्त्रण गर्न कम कम हुँदै जान्छ र उसको हृदयमा अवज्ञाको बिऊ रोप्न थालेको हुन्छ। चेतावनी र खबरदारीका सन्देशहरूको शक्ति उसमाथि क्षिण हुँदै जान्छ। अनि परमेश्वरप्रतिको श्रद्धा पनि घटेर जान्छ। आफ्नो शारीरिक अभिलाषा नै उसको निम्ति सर्वोच्च हुनेभएकोले त्यसैको निम्ति उसले रोप्दछ, जसले गर्दा अनन्तको मृत्यु र बिनाशको कटनी उसले गर्दछ। आफैले रोपेको बिऊ पाक्दै जान्छ। उसले परमेश्वरको पवित्र आज्ञाहरूलाई मान्न वा आदर गर्न चाहन्दैन। उसको मासुको हृदय पत्थरको जस्तो हुन जान्छ। पापको पासोमा परेको हुनाले उसले सत्यको विरुद्धमा बिद्रोह गर्दछ। जलप्रलय भन्दा अघि मानिसले संसारमा दुष्टको बिऊ रोपेको थियो। त्यसैले गर्दा त्यस समयमा बिधिको शासन थिएन, हत्या, हिंसा, अपराधले उन्माद मच्चाएको थियो।

"सैतानले मानिसको आत्मालाई सत्यानाश गर्छ भन्ने कुरो सबैंले थाहा पाउनु जरुरी छ। मानिसको विरोधमा परमेश्वरले कुनै व्यवस्था वा निति पठाउनुभएको कारणले मानिस त्यस स्थितितमा पुगेको होइन। उहाँले आत्मिक रूपमा मानिसलाई अन्धा र मूर्ख वा वेवकूफ बनाउनुहुन्न। सत्य र असत्यलाई रोज्न मानिसलाई सहायता गर्न परमेश्वरले काफि ज्योति र प्रमाण दिनुभएको छ। तर कसैलाई पनि उसको आत्मनिर्णयको बिरुद्धमा बलजफ्ति सत्यलाई परमेश्वरले लाड्नुहुन्न। असल वा खराब रोज्ने स्वतन्त्र अधिकार परमेश्वरले मानिसलाई नै सुम्पनुभएको छ। सत्य बाटोमा हिंड्ने प्रमाण यदि मानिसले रोज्यो भने उसले दुष्ट मार्गमा हिंड्न थाल्दछ। पहिला चोटि ठिक बाटोमा हिंड्न अश्विकार गऱ्यो भने दोस्रोचोटिपनि सजिलैसँग गलत बाटोमा हिंड्छ। अनि तेश्रो चोटि त परमेश्वरबाट टाडा हुन जान्छ र आफूलाई सैतानको पक्षमा उभ्याइदिन्छ। यस प्रक्रियामा ऊ जान्दै गर्दा दुष्टको ढाँचामा आफूलाई ढाल्दछ। अनि सबै झुठ वा असत्यलाई सत्य

नै भनि अङ्गाल्न थाल्दछ। उसको ढिपीले गर्दा दुष्टताको कटनी गर्न ऊ योग्य हुनजान्छ (मानुस्क्रिप्ट १२६, १९०१)।" एलेन जी ह्वाइट कमेन्टस्, द एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. १११२बाट रूपान्तरित।

**चिन्तनमननः**

क. कोहि विश्वासी भाई पापमा फस्यो भने उसलाई परमेश्वरतिर फेरि फर्काउनु भनेको के हो? के कुनै पापीलाई परमेश्वरतिर फर्काउनु भनेको अर्थ त्यो मानिस पहिलेको जस्तै हुने हो कि अझ परमेश्वरमा बढि प्रतिवद्धतासाथ लाग्नु हो?

ख. कुनै भार मानिस आफैले बोक्नुपर्छ भन्ने कुरामा असहमत त छैन (गलाती ६:५), तर कुनै विश्वासीले कसैलाई सहायता गर्न चाहन्छ भने के त्यसलाई अश्विकार गर्ने?

ग. गलाती ६मा दिएको निर्देशन अनुसार तपाईंको चर्च चलेको छ कि छैन? चर्चलाई चर्चकै गरिमामय स्थानमा ल्याउन तपाईंको भूमिका के हुनसक्छ?

**सारांशः** परमेश्वरको उपस्थिति उहाँका मानिसहरूमा छ भनेर देखाउने प्रमाण नै चर्चमा देखाइने येशूको आत्माको स्वभाव हो। कमजोर भाई बहिनीहरूलाई कुन रूपमा व्यवहार गरेर परमेश्वरमा फेरि ल्याउँछ त्यसले नै त्यस चर्चमा परमेश्वरको आत्मा छ कि छैन भनेर प्रमाणित गर्दछ। र साथै आफ्ना चर्चका सदस्यहरू र अरू गैर-विश्वासीहरूलाई देखाउने दया, माया र सदाशयताले त्यस चर्चमा येशूको आत्मा छ भनेर देखाउँदछ।